कोन्ज्योसोम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चौघरे, ललितपुर ।

बागमती प्रदेश, नेपाल।


प.स. २०७९/०८०
च.नं.

मिति-२०७९/५/२३

## विषयः- घरभाडामा लिने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा कोन्ज्योसोम गाउँपालिका कार्यालय प्रयोजनको लागी घरभाडामा लिनुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि घरभाडामा दिन इच्छुक घरधनीले यो सूचना प्रकाशित भएको ७(सात) दिन भित्र यस कार्यालयमा आवश्यक कागजात सहित शिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क) घर गाउँकार्यपालिको कार्यालयबाट पूर्वमा सामुदायिक स्वा. इकाई, पश्चिममा चौतारा, उत्तरमा स्वास्थ्य चौकी र दक्षिणमा ठोस्नेखोला भित्रको दुरिमा हुनुपर्नेछ ।

ख) कोठा संख्या ८(आठ) भएको पक्की घर हनुपर्नेछ ।

ग) पर्याप्त स्वच्छ खानेपानीको आपुर्ति, विद्युत सुविधाको पहुँच, ईन्टरनेट, तातोपानीको लागि सोलार, बाथरुम तथा गाडी पार्किङ्गको सुविधा हुनुपर्नेछ ।

घ) प्रस्ताव स्वीकृत भएमा भाडामा भुक्तानी गर्दा नियमानुसार घर बहाल कर कट्टी गरी भुक्तानी गर्ने गरी सम्झौता गरिनेछ ।

ङ) रितपूर्वक पेश नभएको तथा म्याद नाघी पेश हुन आएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

च) अन्य कुराहरु प्रस्ताव स्वीकृत भए पश्चात सम्झौतामा उल्लेख गरिनेछ । यस सूचना तथा सम्झौतामा छुट भएका कुराहरु प्रचलित कानुन बमोजिम हनेछ ।

आवश्यक कागजातः-

क) जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपी

ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी

ग) घरकर, (मालपोत) तिरेको रसिदको प्रतिलिपी

घ) घरधनीले घरभाडामा दिन चाहेको मुल्य खुलेको निवेदन (अंक र अक्षरमा) खुलेको शिलबन्दी निवेदन ।

प्रमुख प्रशासकीय अधिकृत



E-mail:- konjyosom2075@gmail.com, Website:- www.konjyosommun.gov.np